**कार्यपालिकाको ६५ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष**

**मिति २०८२ साल भाद्र महिनाको ०८ गते आइतबार**

**अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष**

**उपस्थितिः-**

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री ~~टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १~~
श्री मोतीसिं थापक्षेत्री – कार्यबाहक वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

~~मान सिंह खापकोटे का.वा. वडा अध्यक्ष~~
७. श्री ~~मिम पुन – वडा अध्यक्ष वडा नं. ५~~

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

**अन्य उपस्थितिः-**

दिपक सापकोटा – भौतिक पूर्वाधार शाखा प्रमुख
लोक बहादुर पुन – अध्यक्ष उ.वा.तं.दरबाङ्ग इकाई
अमृत थापक्षेत्री
दोरन श्रेष्ठ
सन्तनाथ पुर्वेली

**प्रस्तावहरुः**

१. गाडी भाडा निर्धारण सम्बन्धमा
२. गाउँ प्रहरी सम्बन्धमा
३. अध्ययन बिदा स्वीकृति सम्बन्धमा
४. विविध ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मालिका गाउँपालिका भित्र सञ्चालन हुने सवारी साधानहरुको भाडादर निम्नानुसार कायम गर्ने निर्णय गरियो ।
   (क) बोलेरो र जीपको भाडादर प्रति किलो मिटर रु. २७/००
   (ख) बस भाडा प्रति किलो मिटर रु. १६/००
   (ग) ट्याक्सी भाडा दरवाङ दुखु खोला प्रति किलो मिटर रु. १७/०० र अन्य मालिका गाउँपालिका भित्रका कच्ची सडकहरुमा प्रति किलो मिटर रु. ३५/००

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ प्रहरी पदपूर्ति समितिले परीक्षामा पर्याप्त प्रशिक्षार्थी अनुपस्थित भई प्रतिस्पर्धामा छनौट गर्न नसकिएको कारण जनाई कार्यपालिकामा पेश गर्ने निर्णय गरेकोले पुनः विज्ञापन गरी प्रतिस्पर्धा गराई छनौट गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मालिका गाउँपालिका वडा नं. ५ स्थित देविस्थान स्वास्थ्य चौकीमा अ.न.मी. (चौथो) पदमा कार्यरत सपना रानाले PCL Nursing स्टाफ नर्स अध्ययनका लागि छात्रवृत्तिमा नाम निकाली अध्ययन बिदा माग गर्नुभएकोले निजले नियमानुसार पाउने अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

४. मालिका गाउँपालिकामा आवश्यक करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी कार्यविधि,२०८२ र दरवाङ आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।